प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

**उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू**

- नून कम भएको स्वस्थ र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।
- स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ५१ ।। २०८१ चैत १४ गते बिहिबार (27th Mar 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# कुलमान बर्खास्तीविरुद्धको आन्दोलन झापामा चर्किँदै

झापा(प्रस) । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएको विषयलाई लिएर झापामा आन्दोलन चर्किँदै गएको छ। मंगलवारबाट शुरु भएको आन्दोलनले अझ व्यापकता पाउँदै गएको हो । प्रतिपक्षी नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीले आन्दोलनलाई बुधवार तीब्रता दिएका छन् । यसक्रममा रास्वपाले बिर्तामोडमा प्रदर्शन गरेको छ । रास्वपा झापाको आयोजनामा बिर्तामोड- १ पश्चिम बस स्टेन्डस्थित नगर पार्टी कार्यालय अगाडिबाट शुरु भएको र्यालीले नगर परिक्रमा गरेको थियो । जिल्ला उपसभापति प्रकाश पाठकको नेतृत्वमा विभिन्न नारा लेखिएका प्लेकार्डहरु बोकेर 'भ्रष्ट सरकार राजीनामा दे, लोडसेडिङ चाहिँदैन, कुलमान हटाउन पाइदैन, मन्त्रिपरिषदको निरंकुश र भ्रष्ट निर्णय खारेज गर, हामी कुलमानसँग छौं ' जस्ता नारा लगाउँदै बिरोध र्याली मुक्ति चोकमा समापन भएको थियो । त्यस्तै रास्वपा गौरादह नगर समितिले टर्चलाइट बालेर विरोध गरेको छ। रास्वपाका गौरादह नगर सभापति जगत तिवारीको नेतृत्वमा नाराबाजी गर्दै हात-हातमा टर्चलाईट बालेर र्यालीका सहभागीहरुले गौरादह बजार परिक्रमा गरेका थिए।






त्यस्तै नेकपा माओवादी केन्द्रले बुद्धशान्तिमा राँके जुलुस निकालेको छ । बुधवार साँझ बुद्धशान्ति -३ बुधबारेस्थित पहाडी चोकबाट माओवादी केन्द्रको भ्रातृ संगठन योङ कम्युनिस्ट लिग (वाइसिएल) बुद्धशान्ति गाउँ कमिटीको आयोजनामा जुलुश निकालिएको हो ।

बुद्धशान्ति गाउँ कमिटी अध्यक्ष पंकज शेर्पाको नेतृत्वमा माओवादी केन्द्र बुद्धशान्ति गाउँ कमिटी अध्यक्ष प्रेम नेम्बाङलगायतको सहभागितामा 'भ्रष्ट सरकार चाहिदैन, देश बेच्न पाईदैन' जस्ता नारा लगाएका थिए ।

सहभागीहरुले बुधबारे चोकमा आई प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला दहन गर्दै कोणसभा गरेका थिए । त्यस्तै गौरीगञ्जको स्वतन्त्र युवा समूहको आयोजनामा मैनबती जुलुस निकालिएको छ । कुलमान घिसिङको समर्थनमा हातमा नेपालको राष्ट्रिय झण्डा र मैनवती बोकेका युवाहरुले विभिन्न नारा लगाउँदै गौरीगञ्ज चोकबजार परिक्रमा गरेका थिए ।

# दुईवटा मोटरसाइकल जुध्दा अर्का चालकको पनि मृत्यु



बिर्तामोड(प्रस) । बिर्तामोडको सञ्जिवनी अस्पताल अगाडि गत भदौमा दुईवटा मोटरसाइकल जुध्दा त्यतिबेला एकजना चालकको ज्यान गएकोमा अर्का घाइते चालकको पनि मृत्यु भएको छ । घाइतेको करिव ६ महिनापछि मृत्यु भएको हो ।

गत भदौ १३ गते राति १२:४० बजे पूर्वपश्चिम राजमार्गमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मे. ५ प. ५५६८ नं.को मोटरसाइकल र बिपरित दिशाबाट आउँदै गरेको प्र१-०१-०१३ प ५१४० नं.को अर्को मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो । दुर्घटनामा मे ५ प ५५६८ नं.मोटरसाइकलका चालक कनकाई -५ बस्ने २६ वर्षीय सागर घिमिरे गम्भीर घाइते भई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड पठाएकोमा डाक्टरले मृत घोषणा गरेका थिए। अर्को प्र १-०१-०१३ प ५१४० नं.को मोटरसाइकलका चालक भद्रपुर -१० बस्ने २९ वर्षीय सरोज बस्नेत घाइते भएका थिए ।

टाउको र हात खुट्टामा चोट लागेर गम्भीर घाइते बस्नेतलाई बिभिन्न अस्पतालमा उपचार गराउँदा स्वास्थ्यमा सुधार नआई अचेत अवस्थामा रहेकोमा मंगलवार बिहान उनको घरमै मृत्यु भएको हो । कानुनी प्रकृया पुरा गरी शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुरमा पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# आगलागीबाट चारवटा घर जलेर नष्ट

झापा(प्रस) । मोरङ र तेह्रथुममा भएका आगलागीबाट चारवटा घर जलेर नष्ट भएको छ। मंगलवार दिउँसो ४;१० बजे मोरङ केराबारी वडा नं.९ भालुगैडे बस्ने ५० वर्षीय रामबहादुर गुरुङको टिनको छानो, ईटाको गारो भएको एकतले घरमा खोले पकाउने क्रममा अचानक आगलागी भएको थियो। आगलागीबाट घरमा रहेको काठपात, लत्ताकपडाका, अन्य सरसामान जलेर नष्ट हुँदा ७ लाख बराबरको क्षति भएको छ। प्रहरी ,बेलबारी, सुन्दरहरैचा ,लेटाङ नगरपालिकाको दमकल र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रणमा आएको थियो।

त्यस्तै मंगलवार दिउँसो १.३० बजे अचानक आगलागी हुँदा तेह्रथम फेदाप ३ तोक्मा बस्ने दिलकुमारी लिम्बूको तीनवटा घर जलेर नष्ट भएको छ। ढुंगा र माटोले बनेको टिनको छानो भएको २ तले घर , ढुंगा माटोले बनेको टिनको छानो भएको २ तले नयाँ घर,ढुंगा माटोले बनेको टिनको छानो भएको १ तले किचन र दुई वटा सुँगुर पूर्णरुपमा जलेर नष्ट भएको हो ।एउटा भैंसी र एउटा गोरु घाइते भएका छन् । क्षतिको विवरण आइनसकेको प्रहरीले जनाएको छ।

# बचत फिर्ता नगर्ने बिर्तामोडका चारवटा सहकारीमाथि उजुरी

बिर्तामोड(प्रस)। बचत फिर्ता नगर्ने बिर्तामोडका चारवटा सहकारी संस्थाहरुमाथि नगरपालिकाको न्यायिक समितिमा उजुरी परेको छ ।

समाजसेवी बचत तथा ऋण सहकारी संस्था, त्रिनेत्र बचत तथा ऋण सहकारी संस्था , देउराली बचत तथा ऋण सहकारी संस्था र गरामनी कृषि सहकारी संस्थामाथि उजुरी परेको हो ।

त्रिनेत्र बचत तथा ऋण सहकारी संस्थामाथि ७ जना , देउराली बचत तथा ऋण सहकारी संस्थामाथि ४ जना तथा समाजसेवी बचत तथा ऋण सहकारी संस्था र गरामनी कृषि सहकारी संस्थामाथि एक-एक जनाले उजुरी दिएको बिर्तामोड नगरपालिकाका सहकारी अधिकृत मोहन सुवेदीले जानकारी दिए । छलफलपछि गरामनी कृषि सहकारी संस्थाले बचत फिर्ता गरिरहेको नगरपालिकाको न्यायिक समितिले जनाएको छ । उजुरी परेपनि केही सहकारीका संचालकहरु सम्पर्कमा नै आएका छैनन् । बिर्तामोडको अर्को एउटा सहकारीविरुद्ध पनि उजुरी परेको थियो । तर , त्यस उजुरीमाथि छलफल भई सहमति भइसकेको न्यायिक समितिले जनाएको छ ।बिर्तामोड नगर क्षेत्रमा प्रदेश मातहतका ८८ र नगरपालिकाले नियमन गर्ने ३२ वटा सहकारी संस्था दर्ता रहेका छन् । त्यसमध्ये आधाजति निश्क्रिय छन् । साझा संस्था गरामनी , साझा संस्था बिर्ताबजार , महिला बहुमुखी सहकारी संसथा लि. गरामनी , पौरखी बचत तथा ऋण सहकारी संस्था लि. गरामनी , नवज्योति अपाङ्ग सहकारी संस्था गरामनी , महिला जागण बहुमुखी सहकारी संस्था अनारमनी , शान्तिटोल भूमिहीन कृषि सहकारी संस्था अनारमनी , पशुपति मौरीपालन सहकारी संसथा , दुर्गा सुपारी सहकारी संस्था , हाम्रो ओमनम शिवाय सहकारी संस्था , शुभम् कृषि सहकारी संस्था निष्क्रिय रहेका हुन् ।नियमितरुपमा कारेबार नगर्दा बिर्तामोडका धेरै सहकारी संस्थाले वार्षिक प्रतिवेदन नगरपालिकामा बुझाएका छैनन् । गत वर्ष प्रदेश मातहतका ४० वटा र स्थानीय तह मातहतका १३ वटाले मात्र बुझाएका थिए । चालु आर्थिक वर्षमा प्रदेश मातहतका ३३ वटा र स्थानीय तह मातहतका १६ वटा सहकारीले वार्षिक प्रतिवेदन बुझाएको सहकारी अधिकृत सुवेदीले जानकारी दिए । नियमित कारोबार नगरेर साधारण सभा नगर्ने सहकारीहरु धेरै छन् ।



साधारण सभा नगरेर वार्षिक प्रतिवेदन नबुझाएका हुन् । सहकारीहरुले नगरपालिकामा मासिक प्रतिवेदन र समष्टिगत फारम भरेर बुझाउनु पर्ने हुन्छ । यसैबीच उजुरी परेपछि बिर्तामोडको स्वरोजगार भवानी बचत तथा ऋण सहकारी र दमकको एभरेष्ट बचत तथा ऋण सहकारी संस्थामाथि प्रदेश रजिष्टार कार्यालयले छानबिन गरिरहेको बताइएको छ ।

# बस दुर्घटनामा ४ को मृत्यु , २७ जना घाइते



झापा(प्रस) । अर्घाखाँचीको भुवनपाटामा बुधवार साँझ भएको बस दुर्घटनामा परी मृत्यु हुनेको संख्या ४ पुगेको छ। २७ जना घाइते भएका छन्।

दुर्घटनामा रुपन्देही बुटवल उप-महाननगरपालिका-८ का ५५ वर्षीया जमुना बस्याल, नवलपरासीको पश्चिम भुमहीकी ४५ वर्षीया उमा न्यौपाने र पश्चिम बर्दघाट बस्ने ४५ वर्षीय गाडी चालक मदन कुमार विकको मृत्यु भएको हो। मृतकमध्ये एकजनाको नाम खुलेको छैन। शितगंगा नगरपालिका-२ सितापुरको भुवनपाटामा लु२ख ३०३ नम्बरको बस दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी निरीक्षक विष्णुप्रसाद पौडेलले बताए।

घाइतेमध्ये ६ जनालाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पतालमा पठाइएको छ। अन्य घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा उपचार भइरहेको छ। गोरुसिंगे सन्धिखर्क सडकखण्डमा सुपा मन्दिर दर्शन गरी नवलपरासीको लागी फिर्ता हुँदै गरेको बस अचानक अनियन्त्रित भई सडकदेखि अन्दाजी २५ मिटर तल खसेको प्रहरीको भनाइ छ।

दुर्घटनामा गम्भीर घाइते भएका नवलपरासी पश्चिम बर्दघाट नगरपालिका-१२ बस्ने वर्ष ३६ को सन्तोष कडेल सोही ठाउँ बस्ने वर्ष ४ को अमर कँडेल, वर्ष १९ को अरुण भट्टराई, वर्ष ३१ को आशिष अधिकारी, वर्ष २७ की लक्ष्मी अधिकारी, वर्ष ४ की आन्दा अधिकारी, वर्ष १४ को आयान्स अधिकारीलाई प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा सामान्य उपचार पछि बुटवल लुम्बिनी प्रादेशिक अस्पताल रिफर गरिएको छ।

अन्य घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा उपचार भइरहेको छ। घटनाको अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# च्याउ खेती गरेर जीवनस्तर उकास्दै मेचीनगरकी चन्दा



• लक्ष्मी उप्रेती

मेचीनगर । गतिलो रोजगारी भेटिएन भन्दै विदेसिने युवाका लागि गतिलो प्रेरणाका स्रोत बनेकी छन् झापा मेचीनगर–७ की चन्दा रिजाल । ३५ वर्षीया रिजालले गाउँमै बसेर च्याउ खेतीमार्फत वार्षिकरुपमा तीनदेखि चारलाख रुपैयाँ आम्दानी गरिरहेकी छन् । स्थायीरुपमा दुईवटा टनेलमा च्याउ खेती गरिरहेकी उनलाई अहिले ७० वर्षीय ससुरा र ६५ वर्षीया सासूआमाले साथ दिएका छन् ।

झण्डै १० धुर जग्गामा टनेल बनाएर उनले गरेको च्याउ खेतीले गतिलै आम्दानी दिइरहेको छ ।गत वर्ष गाउँमै ५० रुपैयाँ पावा वा प्रतिकेजी दुईसय रुपैयाँसम्म च्याउ बेचेको अनुभव सुनाईन् । च्याउको बजारका लागि पनि समस्या नभएको उनको अनुभव छ । रिजालले उत्पादन गरेको च्याउ मेचीनगरका गाउँगाउँमा पुग्ने गरेको छ । कति ब्यापारीले उनको उद्योगमै पुगेर उठाउँछन् । उनले विभिन्न प्रजातिका व्यावसायिक च्याउ खेती गरेर आर्थिक आम्दानी गर्न थालेकी छन् । यसबाट उनको जीवनयापन सहज बन्दै गएकोमा यो खेतीबाट उनी निक्कै खुशी छन् । च्याउ खेतीबाट राम्रो आम्दानी हुन थालेपछि गतिलो स्रोत बनेको रिजालको भोगाई छ । युवाहरू रोजगारको खोजीमा विभिन्न देश पुग्ने गरेका छन् । तर उनले गरेको लोभलाग्दो च्याउ खेती एक उदाहरण बनेको स्थानीय मणिराम काफ्लेको भनाई छ। करिब छ लाख लगानीमा च्याउ खेती सुरु गरेकी रिजाल यही खेतीबाट राम्रो आम्दानी लिँदै अहिले १० देखि १२ लाख रुपैयाँको जेथो जोडेको बताउँछिन् ।

सात वर्षअघि स्थानीय जोर सिमल सहकारी संस्थाबाट च्याउ खेतीसम्बन्धी तालिम लिएर उनले व्यवसायिकरुपमा च्याउ खेती शुरु गरेकी थिइन् । सरस्वती च्याउ उद्योग दर्ता गरी व्यावसायिक रूपमा च्याउ खेती गर्दै आएकी छन् । दुईवटा टनेलमा च्याउ खेती गर्दै आएका उनले दैनिक दुई सयदेखि दुईसय पचास किलो च्याउ उत्पादन गर्दै आएको बताईन् ।

गाउँमै च्याउ खेती सुरु गरेकी उनी मात्रै व्यवसायी बनेकी छैनन्, यहाँका युवाहरूलाई रोजगार दिन सफल बनेकी छन् । प्याकेजिङको समयमा उनको उद्योगबाट ७/८ जनाले रोजगार समेत प्राप्त गरेका छन् । अन्य समय आफूले घरपरिवारबाटै साथ सहयोग प्राप्त गर्ने गरेको रिजालले बताइन् । उनका श्रीमान वैदेशिक रोजगारका लागि साउदीमा छन् । अब श्रीमानलाई समेत स्वदेश फर्काएर यहि खेतीमा लगाउने योजना रहेकी उनी सुनाइन् ।
'पराईको भूमिमा गरेको श्रम र मिहिनेत आफ्नै गाउँमा गर्ने हो भने रोजगारका लागि भौतारिरहनु पर्दैन । व्यवसायी हुँदै गाउँमै रोजगारको सिर्जना गर्ने लक्ष्यका साथ च्याउ खेती सुरु गरेको हुँ । जहान परिवारसँगै रमाउँदै घरमै सुरु गरेको व्यवसायबाट हामी खुसी छौं, अब श्रीमान समेत विदेशबाट स्वदेश फर्किनु हुँदैछ' चन्दाले भनिन् । च्याउ बिक्रीबाट मात्रै एक सिजनमा लाखौं रुपैयाँसम्म आम्दानी लिँदै आएको उनले बताईन् । बजारको समस्या छैन । यहाँ उत्पादन भएको च्याउ मेचीनगरका हरेक वडा र अन्य बजारमै खपत हुँदै आएको छ। उनले उत्पादन गरेको च्याउ बजारमा दुई सय ५० रुपैयाँले बिक्री हुँदै आएको छ । 'च्याउबाट आम्दानी भरपूर छ' उनी भन्छिन् ' सधैँ एकनासको कमाई हुँदैन ।' व्यवसायी रञ्जन कार्कीका अनुसार स्थानीयस्तरमा उत्पादन गरिएको च्याउले स्थानीय हाटबजारमा राम्रो भाउ पाएको छ । भाउ नपाए अन्यत्रतिर पनि लैजानुपर्ने हुन्छ ।

उनी च्याउ खेती हेरचाहमा हरेक दिन व्यस्त छिन् । उद्योगमा उत्पादन भएको च्याउ हरेक दिन बिक्रीका लागि टिप्ने, बजारसम्म पुऱ्याउने, फर्मको हेरचाहमै उनको दिन बित्ने उनले सुनाइन् । स्थानीय सरकारले समय समयमा प्रदान गरेको तालिमलगायत अन्य कारणले धेरै राहत मिलेको उनको प्रतिक्रिया छ ।

यो थोरै जग्गामा गर्न सकिने खेती भए पनि विशेष स्याहारको आवश्यकता पनि पर्ने तर, अन्य खेतीजस्तो धेरै दुःख भने गर्नु नपर्ने उनले बताइन् । यो खेतीमा सामान्य आय भएका परिवारले पनि लगानी गर्न सक्छन् । यसबाट प्रतिफल लिन पनि खासै समय लाग्दैन । त्यसैले सीप सिकेर अठोटका साथ काम गर्दा सफलता मिल्ने गरिवी निवारण लघु उद्यम विकास कार्यक्रमकी गंगा सोरेनको भनाई छ ।

गाउँमा च्याउ खेतीको तालिमका लागि योजना बनाएर स्थानीय सरकारले सहयोग गर्ने, विभिन्न संघ-संस्थाले गाउँ-गाउँमै पुगेर यस्ता तालिम चलाइरहेको सोरेनको भनाई छ ।

च्याउ खेती प्रायः चिसो मौसम र ठाउँहरुमा गरिन्छ । गर्मी मौसममा तराईमा भने यो सम्भव नहुने विज्ञहरु बताउँछन् । तर, पहाडी क्षेत्रमा भने यो खेती बाह्रैमास गर्न सकिन्छ । यसका लागि घरको कोठा नै चाहिन्छ भन्ने छैन । घरबाहिर खेतबारी वा खरका छाप्रो र टहरामा पनि गर्न सकिने मेचीनगर नगरपालिकाका कृषिविज्ञ टेकेन्द्र प्रधानको भनाई छ । त्यस्तै, गाउँमा आफ्नै घरवरपरका घाम नलाग्ने छहारीमा पनि गर्न सकिने छ। यसका लागि सीधा घाम र धेरै हावा लाग्ने ठाउँ भने उपयुक्त नहुने प्रधानको भनाई छ ।

# ब्राउनसुगरसहित चौधरी र लावती पक्राउ



झापा(प्रस) । भारतबाट लागूऔषध ब्राउनसुगर ल्याउँदै गर्दा मंगलवार साँझ भद्रपुरको मेची पुलमा दुईजना युवा पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा मोटरसाइकल चालक इलाम माई नगरपालिका वडा न. ५ बस्ने ३३ वर्षीय भुपेन्द्र लावती र मोटरसाइकलमा पछाडि सवार बिर्तामोडका २३ वर्षीय राजीव चौधरी रहेका छन् ।
साँझ ६ः४५ बजे भद्रपुर नगरपालिका वडा न.५ स्थित मेची पुलमा भारतबाट नेपालतर्फ आउँदै गरेको मे ६ प ९९७७ नम्बरको मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्ने क्रममा मोटरसाइकल चालक लावती र पछाडी सवार चौधरीले लुकाएर ल्याउँदै गरेको प्लाष्टिकसहित ९ ग्राम १९ मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।
लागूऔषधसहित मोटरसाइकल र दुवै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## कुलमान बर्खास्ती प्रकरण

# प्रतिनिधिसभामा विपक्षीको अवरोध



झापा(प्रस) ।विपक्षी दलहरूले प्रतिनिधिसभा बैठकमा अवरोध गरेका छन् । सभामुख देवराज घिमिरेले बुधबारको सदन सुरु गर्नेवित्तिकै विपक्षी दलहरूले उठेर अवरोध गरेका हुन् ।
त्यसपछि सभामुख घिमिरेले माओवादी सांसद शक्ति बस्नेतलाई बोल्न समय दिए । बस्नेतले संख्याको बलमा जनताका आशा गुमाउन सरकारले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएको बताए । विद्युत् बक्यौता उठाउन लाइन काट्न हुँदैन भन्ने मन्त्रीको आदेश नमानेकाले उनलाई पटक-पटक स्पष्टीकरण सोधेर हटाइएको बस्नेतले बताए । बस्नेतले दुईतिहाइको सामर्थ्य राख्ने सरकारले एक राष्ट्रसेवकको मानमर्दन गरेको बताए ।

४ महिनापछि स्वतः अवकाशमा जाने घिसिङलाई हटाएर किन सरकारले आफ्नो औचित्य गुमाइरहेको छ भन्दै प्रश्न गरे । प्रधानमन्त्री केपी शर्मा ओलीले घिसिङलाई हटाएको कारण नदिएसम्म संसद् चल्न नसक्ने उनले बताए ।

## ७ वटा विश्वविद्यालयका एनओसी जारी गर्ने

झापा(प्रस)।शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले साईप्रसका ७ वटा विश्वविद्यालयका लागि मात्रै वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) जारी गर्ने भएको छ । वैदेशिक अध्ययन गर्न साईप्रस जाने नेपालीहरूका लागि साईप्रसका सात वटा विश्वविद्यालयका लागि एनओसी जारी गर्ने प्रस्ट पारेको हो ।
इजरायलस्थित नेपाली राजदूतावासले साईप्रसका विश्वविद्यालयहरूको अनुगमन गरेको थियो । सोही आधारमा प्रतिवेदन तयार पारेर सात वटा विश्वविद्यालयका लागि मात्रै एनओसी जारी गर्नु उपयुक्त रहेको जनाएको थियो ।

साईप्रसमा रहेका अन्य कुनै पनि कलेजहरूमा शैक्षिक स्तर मापदण्ड र शैक्षिक वातावरणका हिसाबले विद्यार्थीका लागि उपयुक्त नरहेको भनी परराष्ट्र मन्त्रालयले शिक्षा मन्त्रालयलाई जानकारी गराएको थियो ।
सोही आधारमा शिक्षा मन्त्रालयले सचिवस्तरीय निर्णय गर्दै सात वटा विश्वविद्यालयमा मात्र एनओसी जारी गर्ने जनाएको हो । ती बाहेक अन्य कुनै पनि कलेजहरूमा एनओसी जारी नगर्ने मन्त्रालयले प्रस्ट पारेको हो ।

# हाइड्रोसिल र हर्नियाको निःशुल्क शल्यक्रिया

झापा(प्रस) । मोरङको रङ्गेली अस्पतालले यही चैत ३ गतेदेखि हाईड्रोसिल र हर्नियाको निःशुल्क शल्यक्रिया सेवा प्रदान गरिरहेको छ ।



प्रदेश स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य कार्यालय मोरङ आयोजना र रङ्गेली अस्पतालको सहकार्यमा चैत ३ गतेदेखि सुरु गरेको सेवाबाट हालसम्म ८० जनाले सेवा लिइसकेका छन् ।
अस्पतालमा रङ्गेली, सुनवर्षी, रतुवामाई नगरपालिका, धनपालथान गाउँपालिका, झापाको गौरीगञ्ज गाउँपालिकाका बिरामीले सेवा लिएका छन् । २० वर्षदेखि ६७ वर्षसम्मका बिरामीको उपचार गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय मोरङका स्वास्थ्यकर्मी अनिल देवले बताए । चिकित्सकहरूका अनुसार सामान्यतया खेतीपातीको काम गर्ने, गह्रौ भारी बोक्ने पुरुषको अण्डकोषमा पानी जमेर हाइड्रोशिल हुने गर्छ ।

# भारतबाट ल्याएको ३८ बोरा युरिया नियन्त्रणमा

झापा(प्रस) । भारतबाट अवैधरुपमा ल्याउँदै गरेको ३८ बोरा भारतीय युरिया मल प्रहरीले नियन्त्रणमा लिएको छ ।
मंगलवार राति ९ बजे झापा गाउँपालिका वडा नं.४ स्थित नयाँ टोलमा इलाका प्रहरी कार्यालय कुमरखोदको टोलीले




भारतबाट अवैध रुपमा नेपालतर्फ लुकाई छिपाई बा. प्रदेश ०३-००१च १०३१ नम्वरको पिकअप भ्यानमा ल्याउँदै गरेको भारतीय युरिया मल नियन्त्रणमा लिएको हो । आवश्यक कारवाहीको लागि बरामद मल र सवारी साधन भद्रपुर भन्सार कार्यालय पठाइएको छ ।

चालक हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# बुद्धशान्तिका सामुदायिक विद्यालयमा 'ई' हाजिरी



बुद्धशान्ति(प्रस) । झापाको बुद्धशान्ति गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी ('ई' हाजिरी) जडान गरिएको छ । पालिकाभित्र रहेका सबै सरकारी कार्यालय साथै १६ वटै सामुदायिक विद्यालयमा 'ई' हाजिरी मेसिन जडान गरिएको गाउँपालिका सूचना प्रबिधि शाखाका प्रमुख तोषराज ठाकुरले बताएका छन् ।
उनका अनुसार सवै विद्यालयहरुमा मेसिन जडान सकिएसँगै डिभाइस राख्ने काम पनि सकिएकाले आगामी बैशाख १ गतेदेखि पूर्णरुपमा लागु हुने छ ।
बुद्धशान्ति गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालय र सबै सरकारी कार्यालयमा सेवा प्रभावकारितालाई अभिबृद्धि गरी जनतालाई सहज र सरल रुपमा सेवासुविधा प्रदान गर्न 'ई' हाजिरीलाई लागू गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत विनोद पोखरेलले बताएका छन् । उनले उक्त हाजिरी गाउँपालिकाबाटै निगरानी गर्नेगरी जडान गरिएको बताए ।
यसले विद्यालय नियमित सञ्चालन भए नभएको, शिक्षक, कर्मचारी नियमित विद्यालय आए नआएको जस्ता गुनासालाई कम गर्न र शिक्षा विकासमा सकारात्मक प्रभावका लागि विद्युतीय हाजिरी सुरु गरिएको पोखरेलको भनाई छ ।
ई' हाजिरी जडान सकिएपश्चात् पालिकाभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक र विद्यालयका प्राबिधिक कर्मचारीलाई तालिमसमेत दिइएको गाउँपालिका शिक्षा तथा खेलकुद विकास शाखाका प्रमुख कमल निरौलाले बताए । उनले 'ई' हाजिरी पद्धतिले शिक्षकहरुको नियमिततामा सुधार हुने, मासिक तथा वार्षिक हाजिरी गणनामा सहयोग पुग्ने र पठनपाठनमा सुधार भई समग्र रुपमा गुणस्तरीय शिक्षामा टेवा पुग्ने बताए ।

'ई' हाजिरीले शिक्षकको कार्यसम्पादनको मूल्यांकनमा शुद्धता, कागजबिहीन हाजिरी पद्धति र समय गणनामा वैज्ञानिकता जस्ता पक्षहरुमा फाइदा पुग्नेछ । यसका साथै 'ई' हाजिरीबाटै शिक्षक, कर्मचारीहरुको विवरण हेर्न सकिने र प्रणालीबाटै बिदा आवेदन दिनका साथै स्वीकृति वा अस्वीकृत गर्न सकिने सूचना प्रबिधि शाखाका प्रमुख ठाकुरले बताए । बुद्धशान्तिमा सामुदायिक विद्यालयमा मात्रै नभएर अन्य निजी विद्यालयहरुमा पनि 'ई' हाजिरी सञ्चालनमा रहेको छ ।


# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१४

यस संस्थाको बचत तथा ऋण ब्यवसाय अन्तर्गतको सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाण सहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| क.स. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति / पत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १ | वीरबहादुर लिम्बु | कनकाई-३ | बमबहादुर लिम्बु | जितबहादुर लिम्बु | कल्पना सुब्बा | वीरबहादुर लिम्बु | सुरुङ्गा |
| २ | कल्पना सुब्बा | कनकाई-३ | फिपराज लिम्बु | आसनन्द लिम्बु | बिरबहादुर लिम्बु | वीरबहादुर लिम्बु | सुरुङ्गा |
| ३ | पर्शुराम रायामाझी | कनकाई-२ | धनकुमार रायामाझी | अम्बरबहादुर रायामाझी | साबित्रा कटुवाल | धनकुमार रायामाझी | सुरुङ्गा |
| ४ | रोजी भुजेल | कनकाई-२ | जन्मजय भुजेल | चन्द्रबहादुर भुजेल | ईन्द्रकुमार भुजेल | रोजी भुजेल | सुरुङ्गा |
| ५ | केशरबहादुर खड्का | कन्काइ- ३ | दिलबहादुर खड्का | भगिरथ खड्का | नबिना बस्नेत | दिलबहादुर खड्का | सुरुङ्गा |
| ६ | यज्ञप्रसाद ढकाल | कनकाई-३ | पशुपतिनाथ ढकाल | बसन्तकुमार ढकाल | हिमा खरेल | यज्ञप्रसाद ढकाल | सुरुङ्गा |
| ७ | पुष्पा अधिकारी | बिर्तामोड-२ | खड्गप्रसाद भेटवाल | पदमखर भेटवाल | काजी ब. अधिकारी | पुष्पा अधिकारी | सुरुङ्गा |
| ८ | हिमादेबी प्रसाई | कनकाई-९ | पस्पतीनाथ ढकाल | | रमेशप्रसाद प्रसाई | हिमादेबी प्रसाई | सुरुङ्गा |
| ९ | उमानाथ शिवाकोटी | कनकाई-३ | बिष्णुप्रसाद शिवाकोटी | महेशश्वर शिवाकोटी | पबित्रा शिवाकोटी | उमानाथ शिवाकोटी | सुरुङ्गा |
| १० | जनक गिरी | अर्जुनधारा-५ | श्रीलाल गिरी | मन्त्री गिरी | कल्पना गिरी | जनक गिरी/कल्पना गिरी | सुरुङ्गा |
| ११ | भक्तिप्रसाद चुडाल | बाह्रदशी ७ | बालकृष्ण चुडाल | रामप्रसाद चुडाल | सितामाया चुडाल | भक्तिप्रसाद चुडाल | सुरुङ्गा |
| १२ | सलमान मिया | | अषिन मिया | चुहा मिया | | सुरेजुन खातुन | झापावजार |
| १३ | डेट हस्दा सतार | | कन्हाई हस्दा सतार | पगला हस्दा सतार | माराङ्ग हस्दा सतार | डेट हस्दा सतार | झापावजार |
| १४ | सेलिना हस्दा हेमरम | | शंकर हेमरम | अर्जुन हेमरम | सुनिल हस्दा | सेलिना हस्दा हेमरम | झापावजार |

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कनकाई-रतुवा 'क' क्षेत्रीय उपसमिति


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# आगलागी आफैं हुँदैन

सुनसरीको इटहरीमा भीषण आगलागी भएको छ । आगलागीबाट करोडौंको क्षति भएको छ । आगलागी आफैं हुँदैन । हामीले सावधानी नअपनाउँदा आगलागीका घटनाहरु हुने गरेका छन् । त्यसकारण आगलागी हुन नदिन सावधान रहौं । आगलागी अगाडि पूर्व तयारी गर्नु पर्छ ।जोखिम नक्शांकन गरी आगलागीको उच्च जोखिम भएका ठाउँमा विशेष पूर्वतयारी र सतर्कता अपनाउने । आगलागी हुँदा के गर्ने भनेर आपत्कालीन योजना निर्माण गर्ने । घरमा प्राथमिक उपचारका सामानहरुको जोहो गर्ने । धेरै मानिस प्रभावित हुने तथा जनधनको क्षतिको सम्भावना बढी हुने उद्योग धन्दा कलकारखाना औधोगिक ग्राम पेट्रोल पम्प तथा पेट्रोल भण्डारण स्थल अग्नि सुरक्षित बनाउने । घर/भान्छा/भवन निर्माण गर्दा, विद्युतीय वायरिङ, सजावटका लागि राखिएका विद्युतीय सामग्री, स्टोभ, ग्याँस चुल्हो आदिको बेला बेलामा निरीक्षण गरी सुरक्षित भए नभएको सुनिश्चित गर्ने । घरमा विद्युतीय सामानहरुबाट धुँवा वा गन्ध आउछ भने त्यसलाई झिक्ने । । चुरोटका ठुटा र सलाइका काँटी राम्रोसग निभाएर मात्र फाल्ने । ग्याँस सिलिन्डर र मट्टीतेल जस्ता प्रज्जलनशील पदार्थलाई सुरक्षित ढगंले राख्ने । घरमा कोही नभएको बेला आगो वा हिटर बालेर नहिंड्ने । आगो तापिसकेपछि वा खाना पकाएपछि राम्ररी आगो निभाउने । सजिलै आगो निस्कने पदार्थलाई केटाकेटीको सहजपहुँचमा नराख्ने । मैनबत्ती र धुप बाल्दा विशेष सतर्क हुने । राम्रो गुणस्तरको विद्युतीय सामग्री मात्र प्रयोग गर्ने । बिजुलीबाट हुने गडबडी कम गर्न राम्ररी वायरिङ गर्ने । नजिकै रहेका सुरक्षा तथा प्रशासनिक निकाय, वारुणयन्त्र, अग्नि नियन्त्रण कार्यालय, रेडक्रस आदिका टेलिफोन नम्बरहरू र ठेगाना टिपोट गरी राख्ने । घर, विद्यालय, व्यावसायिक भवन, गाउँ, शहर, मानव बस्ती आदि स्थानमा विपद्पूर्व सूचना प्रणाली, साइरन, घण्टी, बत्ती आदिको व्यवस्थापन गर्ने । धुवाँ पत्ता लगाउने मेशिन वा अलार्म र फायर एक्स्टिंग्युसर जडान गर्ने । आगलागी नियन्त्रण र रोकथामबारे पर्याप्त सूचना र चेतना सर्वसाधारणलाई प्रदान गर्ने। जनचेतना फैलाउने कामहरु जस्तै : सडक नाटक, व्यक्तिगत भेटघाट, पत्राचार, पोस्टर पम्पलेट टाँस्ने कामहरु गर्ने । सबै आगलागी नियन्त्रण गर्न पानीको प्रयोग गरिदैन, आगोको श्रोत र प्रकृति अनुसार पानी, फोम अन्य केमिकल एवं वालुवा, माटो प्रयोग गर्न सकिन्छ भन्ने जानकारी सर्वसाधरणलाई बताउने । आगो निभाउने सिलिन्डर, पानी, वालुवा, बाक्लो ब्लांकेट लगायत उपकरण पर्याप्त मात्रामा राख्नपनि प्रोत्साहन गर्ने । आगो नियन्त्रण बाहिर हुने स्थितिमा मानवीय क्षति नहुने गरी सुरक्षित ठाउँमा भेला हुने तालिम पनि दिने । दमकल लगायतका सहायता आउनुअघि स्थानीय स्तरमा पानी, स्याउला लगायतका सामग्री प्रयोग गर्न आवश्यक तालिम पनि दिने । दमकल र एम्बुलेन्सलाई विशेष प्राथमिकता दिएर बाटो छाडिदिने संस्कारको विकास गर्नुपर्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# चट्याङको प्रभाव र सावधानी



• नवराज पोखेल

नेपालको मौसमी विवरण अनुसार चैत, वैशाख, जेठ र असार महिना चट्याङ धेरै पर्ने महिना हुन् । सन् २०१९ देखि २०२४ सम्मको समयमा चट्याङका कारण ३७२ जनाले ज्यान गुमाएका छन् । योसँगै करौडौं रुपियाँको आर्थिक क्षति भएको राष्ट्रिय विपत् जोखिम तथा न्यूनीकरण प्राधिकरणको तथ्याङ्क छ । प्राधिकरणका अनुसार २०७५ सालदेखि हालसम्म सबैभन्दा बढी कोशी प्रदेशमा १०८ र सबैभन्दा कम कर्णाली प्रदेशमा र जिल्लागत रूपमा चट्याङको कारण उच्च मृत्युदर भएका जिल्लाहरू दोलखा, ओखलढुङ्गा, रामेछाप, नुवाकोट र मकवानपुर हुन भने कम मृत्युदर भएका जिल्लाहरू डोल्पा, बझाङ, हुम्ला, दार्चुला र मुस्ताङ हुन् ।

विशेषतः हिउँदे वर्षा र पूर्वमनसुनको समयमा धेरै पर्ने चट्याङको कारण क्षति सबै जस्तो मौसममा हुने गरेको छ । यस वर्षको हिउँदे वर्षामा औसतभन्दा पानी अत्यधिक कम परेको छ । औसतमा ७० देखि १०० मिलिमिटर पानी पर्ने गरेको हिउँदको समयमा हालको वर्ष चाहिँ अत्यन्तै न्यून जस्तै रह्यो । यो फेब्रुरी महिनामा केवल १० मिमि वर्षा भएको तथ्याङ्क छ । सन् २०२१ मा एक अमेरिकन जर्नलमा प्रकाशित तथ्याङ्क अनुसार सन् १९७१ देखि २०१९ सम्मको विश्लेषणमा दुई हजार ५०१ चट्याङका घटना रिपोर्ट गरिएको थियो । जसमा एह हजार ९२७ मानिसको मृत्यु भयो भने २० हजार ५९६ मानिस प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित भएका थिए । पछिल्लो दस वर्षमा चाहिँ आठ सयभन्दा बढी मानिसको ज्यान लिएको चट्याङको समय यो वर्ष पनि आएको छ । सुन्दा सामान्य लाग्ने यो मौसमीय विपत्तिको कारक नियमित रूपमा जनधनको क्षति हुने गरेको छ ।

जलवायु सम्बन्धित प्राकृतिक विपत्तिका विविध रूपमध्येको एक रूप चट्याङ हो । चट्याङको कारण एक पटक ठुलो संख्यामा मानिसको मृत्यु नहुने भएको हुनाले मात्र यसको चर्चा अरू प्राकृतिक विपत्तिको तुलनामा कमी हुने गरेको छ । सँगै यसबाट हुने क्षति जङ्गल नजिक, ग्रामीण क्षेत्रमा हुने र घटना भएको तत्काल त्यसको तथ्याङ्क र घटनाको विवरणसमेत नआउने हुनाले नियमित रूपमा पर्ने गरेको असरहरू पनि न्यून चर्चामा आउँछन् । हाम्रो देशका कतिपय ग्रामीण भेगमा चट्याङको क्षति सञ्चार माध्यममा आइपुग्दा त बासी भइसकेका हुन्छन् । त्यस कारण पनि ती क्षतिलाई ठुलो रूपमा लिइँदैन अनि चट्याङ जस्तो विपत्तिको रोकथाम, नियन्त्रण र बच्ने उपायबारे ग्रामीण भेगसम्म पुग्ने गरेर चर्चा पनि हुँदैन ।

चट्याङ पनि एक जलवायु सम्बन्धित प्राकृतिक जोखिम हो । चट्याङ एउटा शक्तिशाली विद्युतीय प्रवाहको कारण हुने जोखिम हो । यसमा प्रवाह हुने विद्युतीय शक्तिको तापक्रम सूर्यको सतहको तापक्रमभन्दा तीन गुणाभन्दा बढी करिब ९० हजार डिग्री सेन्टीग्रेड तापक्रमसम्म हुने गर्छ । यो अपार विद्युतीय शक्ति दुई वा दुईभन्दा बढी बादलको गर्जनको कारण उत्पन्न हुन्छ । दुई वा दुईभन्दा बढी बादलको ठोक्किने प्रक्रियाबाट गर्जनसँगै असीमित विद्युतीय प्रवाह वायु मण्डलमा हुने गर्दछ । यो बादल ठोक्किने पक्रिया एउटै बादलभित्र वा दुई वटा फरक-फरक बादलसँग र कहिलेकाहीँ बादल र जमिनसँग पनि हुने गर्छन् । यसरी ठोक्किएर निस्किएको विद्युतीय प्रवाह वायुमण्डलमा मात्र सीमित रहेको अवस्थामा खतराजन्य नहुन सक्छ तर जब सो विद्युतीय प्रवाह पृथ्वीसम्म आइपुग्यो भने मानवीय क्षतिसँगै अरू क्षति पनि हुन सक्छ । यसरी ठोक्किएर चट्याङ पर्ने बादललाई कुमुलोनिम्बस बादल भनिन्छ । यो वायुमण्डलमा ठोक्किन्छ र मानिसले देख्न मात्र सकिन्छ । बादल र जमिनको ठोक्काइबाट हुने चट्याङले मानवीय क्षति गर्ने गर्छ । चट्याङ पर्ने बारम्बार पछिल्लो समयमा बढ्दै गएको कुरा पछिल्लो तथ्याङ्कले बताउँछ । वार्षिक रूपमा चट्याङको कारण एक सयभन्दा बढीको मृत्यु हुने कुरा गृह मन्त्रालयको तथ्याङ्कले जनाउँछ । मृत्युबाहेकका क्षतिको यकिन विवरण नै छैन । तथापि यसको मूल्यचाहिँ धेरै नै हुन सक्छ ।

वर्षाको समयमा र पानी परेको वा वायुमण्डलमा कालो बादलको गति अत्यधिक भएको समयमा चट्याङ पर्ने गरेको पाइन्छ । चट्याङको वैज्ञानिक आधार चाहिँ विद्युतीय प्रवाह हो । जुन विद्युत् धनात्मक र ऋणात्मक चार्जयुक्त बादल ठोक्किने प्रक्रियाबाट हुन्छ । वायुमण्डलमा नियमित रूपमा हुने यस्तो विद्युतीय प्रवाह तब मात्र क्षतिको कारण बन्छ, जब यो जमिनसम्म आइपुग्छ । वायुमण्डलमा उत्सर्जित भएको विद्युतीय प्रवाह जमिन वा बस्तीसम्म आएपछि त्यसको कारणले नै क्षत पुऱ्याउँछ । सामान्यतयाः वायुमण्डलमा बादलको उचाइ केही मिटरदेखि दश किलोमिटर उचाइसम्म हुने गर्छ । यदि मानवीय माध्यम जस्तो घर, भवन, विद्युतीय पोल तथा अन्य टावरहरू साथै अग्ला रुखहरू पनि वायुमण्डलमा हुने विद्युतीय प्रवाहलाई जमिनसम्म ल्याई पुऱ्याउने माध्यम बन्न सक्छ । भवन, रुख, टावर वा विद्युतीय पोलहरू नजिकै मानवीय बस्ती छ भने त्यस्तो प्रवाहले मानिसको ज्यान लिने तथा अरू मानवीय सुख, सुविधालाई असर गर्ने गर्छ । यसबाहेक कतिपय आकाशमा उडिरहेका जहाजहरू पनि चट्याङको कारण दुर्घटनामा परेका तथ्यहरू अगाडि आएका छन् । कहिलेकाहीँ विद्युतीय ट्रान्सफर्मर र दूरसञ्चार टावरहरूमा चट्याङ पर्दा सो टावर र टावरसँग जोडिएका व्यक्तिगत विद्युतीय सामग्रीहरूमा पनि क्षति पुऱ्याएको हुन्छ ।

चट्याङको यथार्थ पूर्वभविष्यवाणी प्रणाली अहिलेसम्म विकसित भएको छैन । तथापि अति सुक्ष्म समयका लागि भविष्यवाणी गर्ने सेन्सरहरू पनि बजारमा पाइने गरेका छन् । चट्याङपश्चात् कहाँ यसले क्षति पुऱ्यायो भनेर मापन गर्ने संवेदकहरूको चाहिँ उपलब्धता हुन्छ । जल तथा मौसम विज्ञान विभागले गत वर्षबाट चट्याङलाई मापन गर्नका लागि मुलुकका नौ स्थानमा त्यस्ता सेन्सरहरू जडान गरी अनुगमन सुरु गरेको छ । विश्व बैङ्कको सहयोगमा विभागले तुम्लिङटार, विराटनगर, सिमरा, भैरहवा, काठमाडौँ, पोखरा, नेपालगन्ज, सुर्खेत र धनगढीमा त्यस्ता सेन्सर राखेको छ । यो सेन्सरले नेपालभरिको चट्याङसम्बन्धी तथ्याङ्क अनुगमन गर्ने गर्छ । यी मापक केन्द्रबाट चौबिसै घण्टा चट्याङको मापन भइरहेको हुन्छ । यसले चट्याङको अनुगमन गरी एथेस्ट सचेतना अपनाउन सजिलो हुने देखिन्छ । यथार्थमा चट्याङको पूर्वभविष्यवाणीको वैज्ञानिक प्रक्रिया नभएको हुनाले सामुदायिक सचेतना नै चट्याङबाट बच्ने उपाय हुन् ।

व्यवस्थित बस्ती प्रणाली र अग्ला भवन, पोल, टावर निर्माण गर्दा विद्युतीय वा पारमाणविक सुरक्षाको प्रबन्ध गर्नु नै चट्याङबाट बच्ने उपाय हो । वैज्ञानिक रूपमा चट्याङबाट बच्नका लागि अर्थिङ प्रणालीको स्थापना गर्नु पर्छ । यसका लागि भवन वा टावर वा पोलको माथिल्लो भागबाट सुचालकको प्रयोग गरी धनात्मक र ऋणात्मक चार्जयुक्त विद्युतीय प्रवाहलाई जमिनमा पुऱ्याइ बिसर्जन गराइन्छ । अर्थिङ प्रणालीका लागि सुचालक तार र जमिनमा विसर्जन गर्न खोजिएको विद्युतीय प्रवाहलाई तटस्थ बनाउने केही सुचालक र वरिपरि सुचालक ठोस वस्तुको व्यवस्थित प्रणाली विकास गरिएको हुन्छ । यसले वायुमण्डलमा भएको अधिक विद्युत् प्रवाहलाई विसर्जन गर्छ । यसको साथसाथै अग्ला भवनका निर्माण चट्याङको खतराबाट पनि मुक्त छैन । पोल, टावर र अग्ला भवनको निर्माण गर्दा अर्थिङ प्रणाली अत्यावश्यक पर्छ । ग्रामीण भेगमा अग्ला रुखहरू नजिक बासस्थान नबनाउने, घरहरूको निर्माण नगर्ने र नबस्ने केही पूर्वसावधानी हुन् । बिजुली चम्किने र चट्याङ पर्ने समयमा जङ्गलमा वा अग्लो रुख भएको स्थानमा नजाने र त्यहाँको यात्रा नगर्ने नै हो । सँगसँगै जङ्गल, वन क्षेत्र नजिकको क्षेत्रमा घर, बस्ती निर्माण नगर्नु नै श्रेयस्कर हुने गर्छ । पानी परेको अवस्था तथा चट्याङ पर्ने समयमा धातुका पोल र धातुजन्य वस्तु, विद्युतीय सञ्चालन भएका उपकरण र अरू इलेक्ट्रोनिक्स सामानको प्रयोग नगरिकन बस्ने तथा त्यस्ता सामग्रीबाट टाढा रहने गर्नु पर्छ ।

मूलतः चट्याङ पर्ने समयमा अग्ला तथा धातुका सामग्रीभन्दा टाढा रहनुपर्ने हुन्छ । कहिलेकाहीँ चट्याङको कारणले ठुला ठुला प्राकृतिक आगलागीको कारण पनि बनेको हुन्छ । यस्तो आगलागीले ठुलो धनजनको क्षति हुने गर्छ । नेपालमा प्राकृतिक आगलागीका प्रमाणहरू नभेटिए पनि विश्व वन क्षेत्र क्षति गरेको पाइन्छ । साधारणतयाः बर्सात र कालो कुमुलोनिम्बस नामक बादलको अधिकता आकाशमा भएको बेलामा चट्याङको सम्भावना उच्च हुन्छ । त्यस कारण त्यस्तो समयमा यदि घरभित्र हो भने विद्युतीय सरसामानको प्रयोग नगर्ने र चिसो भएर नबस्ने जस्ता व्यक्तिगत सुरक्षाका तरिका छन् । तथापि समग्र चट्याङको जोखिमलाई न्यूनीकरणका लागि व्यक्तिगत, सामुदायिक र राष्ट्रिय स्तरमा सचेतना जगाउनु आवश्यक पर्छ । व्यक्तिगत, स्थानीय, सामुदायिकसँगै राष्ट्रिय स्तरमा पनि चट्याङबाट हुने क्षति न्यूनीकरणका लागि पहल हुनु जरुरी छ ।

# निजामती सेवा सुधारको अवसर



• ऋतिक यादव

प्रशासनतन्त्रको प्रमुख नियामक कानुनका रूपमा रहेको निजामती सेवा ऐन, २०४९ लाई प्रतिस्थापन गरेर संघीय निजामती सेवा ऐन, २०८० जारी गर्न आवश्यक विधायिकी गृहकार्य भइरहेकाले यस सम्बन्धमा विभिन्न कोणबाट बहस तथा छलफल जारी छ । सार्वजनिक प्रशासनलाई स्वच्छ, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने भनी नेपालको संविधानले राखेको अभीष्टलाई पूरा गर्न एकात्मक शासन प्रणालीमा ३२ वर्षअघि बनेको निजामती सेवा ऐन, २०४९ लाई हुबहु कार्यान्वयन गर्नु श्रेयष्कर नहुने हुँदा कानुनी व्यवस्थालाई संघीयताको मोडेलमा सामयिक बनाउन आवश्यक छ । त्यस कारण हालसम्म तदर्थवादमा चल्न पुगेको निजामती प्रशासनलाई बढी सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, व्यवस्थित, मर्यादित र सुशासनमुखी बनाउन सकिने भएकाले त्यस ऐनमा समाहित गर्नैपर्ने केही महत्वपूर्ण विषयबारे यस लेखमा चर्चा गरिएको छ ।

निजामती सेवामा सर्वाधिक जनचासोको विषयको रूपमा रहेको १७ वर्षअघि अङ्गीकार गरिएको आरक्षण प्रणालीलाई व्यवस्थित गर्नु आवश्यक छ । आरक्षण सुविधा राज्यसंयन्त्रमा ऐतिहासिक तवरमा दलनमा परेका सीमान्तकृतको पहुँचलाई सुनिश्चित गर्नका लागि अपनाइएको विशेष अल्पकालीन व्यवस्था भए पनि विधायिकी मनसायविपरीत परिणाम देखिएका छन् । आरक्षण सुविधाको एकै व्यक्तिले पटक पटक प्रयोग गर्न कानुनले बन्देज नलगाएको हुँदा खरिदारदेखि सचिवसम्म आरक्षणको वैशाखी टेकेर अगाडि बढ्न सकिने अवस्था रहेको छ । यसले लक्षित समूहका नयाँ व्यक्तिलाई सरकारी सेवा प्रवेशमै अवरोध भएको अवस्था सृजित भएको छ । यस सम्बन्धमा राष्ट्रिय समावेशी आयोगले सार्वजनिक गरेको 'विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन प्रतिवेदन, २०७९' मा समेत आरक्षण व्यवस्था अन्तर्गत सेवा प्रवेश गरिसकेपछि त्यसकै बारम्बार उपयोगले योग्यता प्रणालीलाई थप कमजोर बनाएको भनिएको छ । त्यस्तै आरक्षणको उपलब्धि हरेक वर्गभित्रको 'तरमरा वर्ग' मा मात्र सीमित हुन पुगेको अवस्था कहीँ कतै लुकेको छैन ।

विनय पन्जियारको बहुप्रतीक्षित सकारात्मक विभेदसम्बन्धी मुद्दामा भएको सर्वोच्च अदालतको आदेशलाई समेत कार्यान्वयन गर्न संविधानको धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशको वर्गमा पर्ने तर राजनीतिक, आर्थिक वा सामाजिक रूपमा उच्च वर्गमा पुगेका, उदाहरणका लागि मन्त्री, सांसद, संवैधानिक निकायका सदस्य, न्यायाधीश, निजामती, जङ्गी वा प्रहरी सेवाका उच्च पदस्थ कर्मचारी, संयुक्त राष्ट्रसंघ वा अन्तर्राष्ट्रिय निकायमा नोकरी गरेका वा गरिसकेका निश्चित रकमभन्दा बढी निवृत्तिभरण पाउने व्यक्ति वा आयआर्जनको माथिल्लो ब्राकेटमा पुगिसकेका वरिष्ठ पेसाकर्मी डाक्टर, इन्जिनियर, चार्टर एकाउन्टेन्ट, वरिष्ठ अधिवक्ता, शिक्षामा उच्चता प्राप्त गरिसकेका परिवार, प्रोफेसर, उद्योगपति आदिका सन्तानलाई आरक्षण नपाउने वर्गमा राख्ने गरी निजमाती सेवा ऐनमा व्यवस्था हुनु पर्छ । त्यस्तै आरक्षणको व्यवस्थालाई असली उपेक्षित वर्गलाई एक पटक मात्र प्रदान गर्ने गरी स्पष्ट प्रबन्ध गरिनु पर्छ ।

नयाँ ऐनमा सेवानिवृत्त कर्मचारीलाई अवकाश प्राप्त गरेलगतै अन्य सरकारी पदमा नियुक्त गरिहाल्ने प्रचलनमा विराम लगाउनु जरुरी छ । पूर्वप्रशासकलाई छानीछानी नियुक्ति दिएर राजनीतिक स्वार्थ पूर्ति गर्ने राजनीतिक नेतृत्वको गलत परम्परालाई रोक्न यो निर्णायक साबित हुने देखिन्छ । यसले एकातर्फ शक्तिको अनुचित प्रयोग तथा दुरुपयोग मानिने राज्यको कतिपय प्रशासनिक तथा नीतिगत सूचना चुहिने खतरालाई निषेध गर्न सकिन्छ भने अर्कोतर्फ सरकारी सेवाको कार्यानुभव नभएको तर सम्बन्धित पदमा नियुक्त हुन अन्य योग्य, काबिल तथा क्षमतावान् व्यक्तिको प्रवेशलाई समेत सुनिश्चित गर्न सकिन्छ । निजामती कर्मचारीलाई अवकाश लिएपछि अर्को संवैधानिक, राजनीतिक, कूटनीतिक वा अन्य अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा नियुक्ति लिन कम्तीमा दुई वर्षसम्म 'कुलिङ पिरियड' (अवकाशपछि निश्चित समयसम्म नियुक्ति लिन नपाउने) ऐनले नै तोक्नु उपयुक्त हुन्छ । त्यससँगै सहसचिव वा सोभन्दा माथिल्लो तहको पूर्वकर्मचारीलाई अवकाशपश्चात् नियुक्त गर्न सरकारको सहमति लिनुपर्ने जस्ता नियमनकारी व्यवस्था गरेमा अख्तियारीको दुरुपयोग हुने सम्भावनालाई नियन्त्रण गर्न सकिन्छ ।

हालको निजामती सेवा ऐनले निजामती सेवा ऐन, २०४९ ले कर्मचारीको हक हित संरक्षण एवं संवर्धन गर्ने उद्देश्यले कर्मचारीलाई ट्रेड युनियन खोल्न प्रदान गरेको हकबारे पुनर्विचार गर्न आवश्यक छ । निजामती सेवालाई प्रभावकारी र गतिशील बनाउने आफ्नो मूल कर्मबाट विचलित भई कर्मचारीका ट्रेड युनियन तीव्र राजनीतीकरणको कारण राजनीतिक अखडामा रूपान्तरित भएका छन् । कर्मचारीलाई प्रदान गरिएको उक्त अधिकार श्रम विधिशास्त्रको स्थापित मूल्य र मान्यतासम्मत छैन ।

खासमा ट्रेड युनियन हक मजदुर वर्गको हो र यसको विशिष्ट पक्ष भनेको मालिकसँग सामूहिक बार्गेनिङ हो तर सार्वजनिक सेवामा जनता नै सार्वभौम वा मालिक हुने हुँदा कर्मचारीले सामूहिक बार्गेनिङ गर्नै पर्दैन । जनतासँग केका लागि बार्गेनिङ गर्ने ? ट्रेड युनियन जस्तो हडताल गर्ने, दबाब सिर्जना गर्ने, सामूहिक बार्गेनिङ गर्ने हक कर्मचारीका लागि सान्दर्भिक नहुने हुँदा राजनीतिक दलपिच्छे ट्रेड युनियन खोल्ने अधिकार बेमनासिब छ । पूर्वसचिव उमेशप्रसाद मैनालीले एक अन्तर्वार्तामा निजामती सेवाको सबभन्दा ठुलो धर्म राजनीतिक तटस्थता र सेवा प्रवाहमा निष्पक्षता हुने भएकाले निजामती सेवाको क्षमता विकास र कर्मचारीतन्त्रलाई प्रभावकारी बनाउने खालका कुनै काम नगर्ने ट्रेड युनियन निजामती प्रशासन सुधारमा घाँडो बनेको उल्लेख गर्नुभएको छ । यस आलोकमा समेत हेर्दा नयाँ ऐनमा कर्मचारीको विशुद्ध व्यावसायिकतालाई संवर्धन तथा प्रवर्धन गर्न एउटा मात्र आधिकारिक ट्रेड युनियन रहने र त्यसमा सबै कर्मचारी सदस्य हुन पाउने व्यवस्था गरेमा कर्मचारीतन्त्रमा हाबी राजनीतीकरणलाई केही हदसम्म निर्मूल पार्न सकिन्छ । राजनीतिक दलसँग आबद्ध रहने गरी ट्रेड युनियन नरहने भनी व्यवस्था गरिनु पर्छ । ट्रेड युनियनको भूमिका, सीमा तथा कार्यक्षेत्रका सम्बन्धमा पनि प्रस्ट व्यवस्था गरिनु पर्छ । त्यस्तै हालको कानुनले शाखा अधिकृतस्तरसम्मका कर्मचारीसमेत युनियनको सदस्य बन्न सक्ने व्यवस्था गरेकोमा यसलाई नायब सुब्बासम्ममा निश्चित गर्नु उचित हुने गरिन्छ ।

माथि वर्णित तीन प्रमुख विषयका अतिरिक्त अन्य केही विषयमा समेत सुधार गर्नुपर्ने आवश्यकता देखिएका छन् । प्रदेश र स्थानीय तहको कर्मचारीमा तहगत प्रणाली लागु भइसकेको हुँदा प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध संघसँग हुने भएकाले संघीय सेवा पनि मूलतः तहगतमा लग्नु उचित हुन्छ । यसले गर्दा कर्मचारीको सरुवा, बढुवा र समायोजन वस्तुगत तथा वैज्ञानिक बनाउन सकिन्छ । कर्मचारीहरूको फाइल बढुवामा महत्वपूर्ण अर्थ राख्ने कार्यसम्पादन मूल्याङ्कनलाई पनि वस्तुनिष्ठ, पारदर्शी र प्रभावकारी बनाउन आवश्यक आधारहरू ऐनले सम्बोधन गर्नु पर्छ । त्यस्तै निजामती सेवालाई मेरिटोक्रेसीमा लैजानका लागि खुला प्रतिस्पर्धामार्फत प्रवेश (लेटरल इन्ट्री) लाई प्रोत्साहन गर्नु र आन्तरिक प्रतिस्पर्धालाई कम गर्नु उत्तम हुन्छ । प्रदेशको प्रशासनिक प्रमुखको काम गर्ने प्रमुख सचिव प्रदेश र संघबिचको समन्वयकर्ता हुने भएकाले संघकै हुनु पर्छ तर महानगरपालिका बाहेकका स्थानीय पालिकाको प्रमुख प्रशासकीय अधिकृत प्रदेशले पठाउने व्यवस्था गर्न सकिए संघीयताको स्पिरिटको अनुमोदन हुने देखिन्छ । त्यस्तै निमित्त कार्यालय प्रमुख तथा कायममुकायमको भरमा कार्यालय चलाउँदा सरकारले प्रदान गर्ने सेवा, सुविधा तथा गुणस्तरमा गम्भीर असर पर्ने हुँदा निमित्त कार्यालय प्रमुखको भूमिकाका बारेमा कठोर व्यवस्था ऐनले गर्नु पर्छ ।

अन्त्यमा संघीय निजामती सेवा ऐन, संघ, प्रदेश र स्थानीय तहको प्रशासनको आधारभूत ऐन भएकाले र निकट भविष्यमा यसै मुताबिक प्रदेश तथा स्थानीय तहमा निजामती सेवा कानुन बन्ने हुँदा उचित सावधानीका साथ संघीय निजामती सेवा ऐन बन्नु पर्छ । कानुन निर्माणको प्रक्रियामा संघीयताका उपलब्धि मानिएका प्रदेश सरकार र स्थानीय तहहरूको राय सल्लाहलाई गम्भीरताका साथ लिनु पर्छ भने निजामती प्रशासनसँग निकटस्थ सम्बन्ध राख्ने लोक सेवा आयोगको सल्लाहलाई पनि ग्रहण गरिनु पर्छ । त्यस्तै पूर्व र बहालवाला कर्मचारीका साथै प्रशासन क्षेत्रको विज्ञहरूको सहभागिता जुटाई राष्ट्रिय समझदारीको आधारमा विवादरहित तवरबाट कानुन बने मात्र निजामती प्रशासनलाई सुधार गर्न सकिन्छ ।

# कांग्रेसलाई ठिक ट्र्याकमा हिडाउन गाह्रो- गच्छदार



विर्तामोड(प्रस) । नेपाली कांग्रेसका नेता विजयकुमार गच्छदारले कांग्रेसलाई बलियो र एकजुट बनाउन प्रत्येक नेता कार्यकर्तालाई आफैंबाट शुरु गर्न सुझाव दिएका छन् ।
नेपाली कांग्रेस कोशी प्रदेश प्रशिक्षण विभागको आयोजना र नेपाली कांग्रेस झापाको ब्यवस्थापन एवं नेपाली कांग्रेस झापा प्रशिक्षण विभागको संयोजनमा विर्तामोडमा आयोजित प्रशिक्षक/प्रशिक्षण कार्यक्रमलाई बुधवार जिल्ला पार्टी कार्यालयमा सम्बोधन गर्दै नेता गच्छदारले यस्तो सुझाव दिएका हुन् । 'कांग्रेस के हो ? सिद्धान्त के हो ? विचारमा अडिग छ कि छैन ?' यी विषयलाई प्रशिक्षणमा समेट्न आह्वान गर्दै नेता गच्छदारले भने-'कांग्रेसलाई ठिक ट्र्याकमा हिडाउन गाह्रो छ , गुट उपगुट समाप्त पारेर एकजुट होऔं, एकतामा नै शक्ति छ ।'
पार्टी अनुशासन र आचारसंहिताको पालना केन्द्रदेखि टोलसम्मकै नेता/कार्यकर्ताले पालना गर्नुपर्ने बताउँदै नेता गच्छदारले कांग्रेस पार्टीको विधान 'प्रेसिडेन्टियल सिष्टम' मा रहेको बताए । सिकाइको क्रम निरन्तर चलिरहने बताउँदै उनले कोही पनि कहिल्यै कुनैपनि विषयमा दक्ष नहुने भनाई राखे । प्रशिक्षणमा सिकेको सिप, पार्टीको इतिहास, वर्तमान र सैद्धान्तिक विषयवस्तुलाई वडा टोलसम्म पुर्‍याउन उनले प्रशिक्षार्थीलाई आग्रहसमेत गरे।
कार्यक्रमका विशेष अतिथि संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटीले कार्यकर्ता प्रशिक्षित नहुँदा विपक्षीले गरेको आलोचनालाई पत्याइदिनुपर्ने बाध्यता रहेको बताउँदै गाउ/नगर, वडा र टोलसम्म प्रशिक्षण कार्यक्रम विस्तार गर्न आग्रह गरे।
नेपाली कांग्रेस केन्द्रीय सदस्य महेन्द्राकुमारी सुब्बाले आगामी निर्वाचनमा कांग्रेसले एक्लै चुनाव लड्नुपर्नेमा जोड दिदै पार्टीले गरेका कामको ब्यापक प्रचार गरिदिन पत्रकारलाई आह्वान गरिन् ।अर्का केन्द्रीय सदस्य सुशिला ढकाल आचार्यले कांग्रेसले हिजो के गऱ्यो ? आज के गर्दैछ र भोलि के गर्छ ? भन्ने कुरा सबै जनतामाझ पुर्‍याउन प्रशिक्षणलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने बताइन् ।
कार्यक्रममा अर्का केन्द्रीय सदस्य गोमा भट्टराईले सामाजिक सञ्जालदेखि चिया पसलसम्म हुने पार्टीप्रतिको आलोचना चिर्न प्रत्येक नेता कार्यकर्तालाई प्रशिक्षित गर्नुपर्नेमा जोड दिइन् ।नेपाली कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापाले पार्टीको केन्द्र, प्रदेश एवं प्रशिक्षण विभागले समयसान्दर्भिक प्रशिक्षण सञ्चालन गरिरहेकोमा खुशी ब्यक्त गरे ।
नेपाली कांग्रेस कोशी प्रदेश उपसभापति एवं प्रदेश प्रशिक्षण विभागका संयोजक रमेशजंग रायमाझीले १४ वटै जिल्लामा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने जानकारी दिदै प्रशिक्षक उत्पादन गरेर वडातहसम्म प्रशिक्षण पुऱ्याउने लक्ष्य रहेको बताए ।

झापाका सभापति देउकुमार थेवेले पार्टीका गतिविधिलाई तिब्रता दिदै पार्टीको नीति, सिद्धान्त र आचारसंहिता अनुकुल चल्न प्रशिक्षण प्रभावकारी हुने धारणा राखे ।

नेपाली कांग्रेस झापा प्रशिक्षण विभागका संयोजक केशवराज पाण्डेको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहको सञ्चालन पार्टी सचिव कृष्ण हुमागाईले गरेका थिए । पार्टीका सूचना तथा सञ्चार विभाग प्रमुख मिन विश्वकर्मा, महिला विभाग प्रमुख पुष्पा भुषाल, विरेन्द्र शाहले नेपाली कांग्रेसको इतिहास र सांगठनिक संरचना, समसामयिक राजनीतिक सवालहरु र सकारात्मक सोच, धारणामा परिवर्तन लगायतका विषयमा प्रशिक्षण दिएको कार्यक्रममा एकसय बढीको सहभागिता रहेको सूचना तथा प्रचार विभाग प्रमुख रश्मिशेखर सुवेदीले जानकारी दिएका छन् ।

# चियाको पहिलो टिपाइ सुरु

झापा(प्रस) । इलाममा यस वर्षको पहिलो चिया टिपाइ सुरु हुन थालेको छ । चिया उत्पादनको मुख्य क्षेत्र रहेको इलाममा केही उद्योगका लागि पहिलो टिपाइ वा 'फस्ट फ्लस' को काम सुरु भएको छ ।बर्सैभरिको उत्पादनमध्ये गुणस्तरीय मानिने पहिलो चरणको टिपाइको चियालाई किसान र उद्योगीले विशेष महत्वसाथ लिने गरेका छन् ।



यस पटक अन्तुको श्रीअन्तु फार्मस् टी प्रालि, कन्याम चिया सहकारी र इलाम नगरपालिका-४ स्थित फार्मर टी प्रोसेसिङ इन्डस्ट्रिजले पहिलो टिपाइको चिया प्रशोधन नै गर्न थालेका छन् ।
साँखेजुङस्थित ग्रिनहिल टी इन्ड्रस्टिजले पनि यही चैत १४ देखि यस वर्षको चिया प्रशोधन सुरु गर्ने जनाएको छ । "पहिलो टिपाइको चिया निकै महत्वपूर्ण हुन्छ तर गत वर्षहरूमा जस्तो उत्पादन छैन । भर्खर मुना पलाउन सुरु गर्दै छ," ग्रिनहिल टी इन्ड्रस्टिजका सञ्चालक टंक दाहालले भने ।
दाहालले जर्मनी, अमेरिकासहित युरोपका देशहरू र चीन तथा भारतमा समेत गरी गत वर्ष ५५ हजार किलो तयारी चिया विदेश निर्यात गरेको बताए । उनले यस वर्ष पनि तेम्रो मुलुकमा चियाको व्यापार राम्रै हुन्छ भन्ने अपेक्षा गरेको बताए ।
यस वर्ष हिउँदमा वर्षा नहुँदा त्यसको असर चिया उत्पादनमा परेको बताइएको छ । प्रायः फागुन अन्तिम सातादेखि चैतको पहिलो सातासम्म चियाको पहिलो टिपाइ सुरु हुने गरेको थियो । तर मौसम सुक्खा भएको र पहाडी क्षेत्रमा सिँचाइको वैकल्पिक व्यवस्था नभएकाले त्यसको असर चियामा परेको किसान बताउँछन् ।
अर्गानिक प्रमाणीकरण भएको पहिलो टिपाइको चिया अधिकांश व्यवसायीले तेम्रो मुलुक निर्यात हुने गरेको बताउँछन् । इलाममा गोल्डेन, गोल्डेन रिङ, गोल्डेन पल, सिल्भर, गोल्डेन ब्ल्याक, ग्रिनलगायतका फरक फरक नाम र स्वादका चिया उत्पादन हुने गरेको छ ।

# आठ महिनामा ५६ अर्ब बराबरको खानेतेल निर्यात

झापा(प्रस) । नेपालले पछिल्लो आठ महिनामा करिब ५६ अर्ब बराबरको खानेतेल निर्यात गरेको छ । विदेशबाट कच्चा पदार्थ आयात गर्ने र नेपालमा प्रशोधन गरी मूल्य अभिवृद्धि गरेर खानेतेल बेच्दा निर्यात उल्लेख्य रुपमा बढेको हो ।



भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यसवर्ष आयात ११ दशमलव २० र निर्यात ५७ दशमलव २० प्रतिशतले बढेको छ । अर्थात् गतवर्षको तुलनामा यसवर्ष नेपालको निर्यातमा खानेतेलको निकै ठूलो हिस्सा देखिएको छ ।
पछिल्लो आठ महिनामा रू एक खर्ब ५८ अर्बको निर्यात गर्दा नेपालले रू ४७ अर्ब ९४ करोड ६६ लाख बराबरको भटमास सोयाबिन तेल मात्रै निर्यात गरेको छ । त्यस्तै, रू सात अर्ब ९८ करोड २३ लाख बराबरको सूर्यमुखी तेल, रू पाँच अर्ब ८३ करोड ७३ लाखको अलैंची, रू चार अर्ब ३२ करोड ३९ लाखको कार्पेट निर्यात भएको छ ।

विभागका अनुसार चालु आवको दोस्रो चौमासिक अवधिसम्म मुलुकले कुल रू १३ खर्ब तीन अर्ब ७३ करोड ८६ लाख बराबरको वैदेशिक व्यापार गर्दा रू नौ खर्ब ८७ अर्ब ३९ करोड ३८ लाखको घाटा बेहोरेको छ । पछिल्लो आठ महिनामा रू ११ खर्ब ४५ अर्ब ५६ करोड ६२ लाख बराबरको वस्तु आयात भएको छ भने रू एक खर्ब ५८ अर्ब १७ करोड २४ लाख बराबरको निर्यात भएको छ ।

छिमेकी मुलुक भारतसँग मात्र नेपालले आठ महिनामा रू पाँच खर्ब ६३ अर्ब ६७ करोडको व्यापार घाटा बेहोरेको छ । गत साउनदेखि फागुनसम्म भारतबाट रू छ खर्ब ८८ अर्ब ६८ करोडको आयात हुँदा रू एक खर्ब २५ अर्ब बराबरको निर्यात भएको छ । चीनसँग रू दुई खर्ब १९ अर्ब १८ करोडको आयात र रू दुई अर्ब १२ करोडको निर्यात हुँदा रू २१ अर्ब ७० करोडको व्यापार घाटा बेहोरेको छ । साथै अर्जेन्टिना, युक्रेन, युनाईटेड अरब ईमिरेट्स, अस्ट्रेलियालगायतका मुलुकहरुसँग नेपालको व्यापारघाटा उच्च छ । उक्त अवधिमा ३४ वटा मुलुकसँगको व्यापारमा नेपाल नाफामा छ । अफगानिस्तान, डेनमार्क, रसिया, अस्ट्रिया, माल्दिभ्सलगायतका मुलुकसँगको वैदेशिक व्यापारमा नेपाललाई नाफा छ ।

# सिमेन्टको बोरामै अधिकतम खुद्रा मूल्य तोक्न निर्देशन



झापा(प्रस) । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सिमेन्टको अधिकतम खुद्रा मूल्य (एमआरपी) तोक्न सिमेन्ट उद्योगीलाई निर्देशन दिएको छ । विभागका महानिर्देशक कुमार दाहालले सिमेन्ट उद्योगीसँगको औपचारिक छलफलमा सिमेन्टको एमआरपी तोकेर मात्रै बजारमा ल्याउन निर्देशन दिएका छन् ।सडकदेखि सदनसम्म सिमेन्टको मूल्य बढेको गुनासो र आक्रोश चुलिएपछि विभागले सिमेन्ट उद्योगीलाई बोलाएर एमआरपी तोक्न निर्देशन दिएको हो । अहिलेसम्म सिमेन्टको एमआरपी नतोकिँदा उपभोक्ता एक महिनाका बिचमा प्रतिबोरा दुई सय रूपियाँसम्म बढेको मूल्य तिर्न बाध्य भएका छन् ।

मूल्य बढ्नुको कारण खोज्दा उद्योगीले डिलरलाई दोष लगाउने डिलरले उद्योगीलाई दोष लगाउने उपभोक्ता महँगीको मारमा परेपछि विभागका महानिर्देशक दाहालले सिमेन्ट उद्योगीलाई विभागमा बोलाएर एमआरपी तोकेर मात्रै सिमेन्ट बजारमा ल्याउन दिर्नेशन दिए ।
उद्योगीसँगको छलफलमा उनले एमआरपी नतोकी सिमेन्ट बजारमा पठाएको खण्डमा सिमेन्ट सिल गर्नेसम्मको चेतावनी दिए ।

विभागका अनुसार छलफलमा सहभागी सिमेन्ट उद्योगीले भने एक साताको समय माग्दै देशभरका सबै उद्योगीसँगको सल्लाहपछि मात्रै आफूहरूले यसबारे जवाफ दिन सक्ने बताएका छन् ।
छलफलमा सहभागी उद्योगीले सिमेन्टको कच्चा पदार्थ 'क्लिङ्कर' अभावले एक पटक मात्रै मूल्य बढेको दाबी गरे तर मंसिरयता चार/पाँच पटक सिमेन्टको मूल्य बढेको छ । यता डिलरवालाहरूले भने हप्ताको दुई पटकसम्म उद्योगबाट सिमेन्टको मूल्य बढेर आएकाले आफूहरूलाई व्यवसाय गर्न समस्या भएको बताउँदै आएका छन् ।

विभागका महानिर्देशक दाहालले एमआरपी तोकेपछि कहाँबाट मूल्य बढेको भन्ने स्पष्ट हुने भएकाले सक्दो छिटो एमआरपी तोक्नु पर्छ भनेर विभागको अनुगमन टोली चार/पाँच वटा डिलरलाई बन्दसमेत गराएको जानकारी दिए । एमआरपी नतोकी वस्तु बजारमा पठाउनु कानुनविपरीतको कार्य भन्दै उनले थपे, "अबको एक सातामा सिमेन्टका हरेक बोरामा एमआरपी तोकिएको हुनु पर्छ । एमआरपी तोक्दा उद्योगी, डिलर र उपभोक्ता सबैलाई सहज हुन्छ ।"

# लिट्मसद्वारा पहिलो एल्युमिनियम रड उद्योगको सुरुवात

झापा (प्रस) । लिट्मस इन्डस्ट्रिज लिमिटेडले "लिट्मस २.०" अन्तर्गत एक ऐतिहासिक उपलब्धि हासिल गर्दै नेपालको पहिलो एल्युमिनियम रड उत्पादन उद्योगको औपचारिक सुरुवात गरेको छ । नवलपरासीको रामग्राम हकुईमा अवस्थित यस अत्याधुनिक उद्योगले नेपाली बजारमा हुने एल्युमिनियम आयात प्रतिस्थापन तथा न्यूनीकरण गर्दै त्यसको उत्पादनमा हाम्रो आत्मनिर्भरतालाई समुन्नत बनाउँदै लैजाने विश्वास गरिएको छ ।
यस महत्वपूर्ण उपलब्धिलाई स्मरणीय बनाउन चैत्र १३ गते Furnace Flaming Ceremonyको आयोजना गरिएको थियो । समारोहलाई प्रमुख अतिथि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले उद्घाटन गरेका थिए । हाल नेपालमा तार, केबल र कन्डक्टर निर्माणमा प्रयोग हुने एल्युमिनियम रड आयातमार्फत पूर्ति हुँदै आएको छ । यस प्लान्टको सञ्चालनले एल्युमिनियम रडको आयात परनिर्भरतालाई उल्लेख्य रुपमा घटाउनुका साथै देशभित्रै उच्च गुणस्तरको एल्युमिनियम रडको नियमित आपूर्ति प्रत्याभूत गर्नेछ । एल्युमिनियम रडको स्वदेशमै उत्पादन गरेर, लिट्मस इन्डस्ट्रिजले नेपालले व्यहोरी रहेको व्यापार घाटा केही मात्रा भएपनि न्यूनीकरण गर्ने उद्देश्यका साथै सरकारी राजस्व बचतबाट राष्ट्रिय अर्थतन्त्रमा हुने हितलाई पनि ध्यानमा राखेको छ ।
आर्थिक पक्षसँगै, यस परियोजनाले उत्पादन, ढुवानी र बिक्रीलगायतका क्षेत्रमा सयौं प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्नेछ । लिट्मसले प्राविधिक ज्ञान अभिवृद्धि गर्ने तालिम तथा दक्ष जनशक्ति विकास कार्यक्रम पनि अघि सारेको छ, जसले दीर्घकालीन औद्योगिक विकासमा टेवा पुऱ्याउनेछ ।

नेपालको पहिलो एल्युमिनियम रड उत्पादन कम्पनीको सुरुवात हुनु लिटेमस इन्डस्ट्रिज लिमिटेडको लागि मात्रै नभई देशको समग्र उत्पादन क्षेत्रकै लागि एउटा ठूलो कोशेढुङ्गा र रणनैतिक फड्को हो ।
यस परियोजनाले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै देशमा आन्तरिक र बाह्य लगानी आकर्षित गर्ने अपेक्षा गरिएको छ । कच्चा पदार्थमा स्थानीय रूपमा मूल्य संवर्द्धन गर्दै जाने यो दृष्टिकोण सरकारले लिएको आत्मनिर्भर औद्योगिक विकासको मार्गचित्रसँग पूर्णतः मेल खान्छ ।

लिट्मस इन्डस्ट्रिज लिमिटेडको बारेमा
लिट्मस इन्डस्ट्रिज लिमिटेड नेपालकै अग्रणी तार, केबल र कन्डक्टर निर्माता कम्पनी हो, जसले सुरक्षा, नवीनता र भरपर्दोपनमा निरन्तर उच्च मापदण्ड कायम गर्दै आएको छ । देशको पूर्वाधार विकासमा योगदान पुऱ्याउँदै, लिट्मसले अन्तर्राष्ट्रिय स्तरका विद्युत समाधानहरू प्रदान गर्दै समुदाय र उद्योगमा विश्वास र प्रगति फैलाउँदै आएको छ ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** आज आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ ।
**वृष** कूटनीतिक नियोगको सहयोग मिल्ला । पारिवारिक सद्भाव पनि बढ्नेछ ।
**मिथुन** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
**कर्कट** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
**सिंह** आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ ।
**कन्या** अरूलाई प्रभावित पारेर काम बन्नेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ ।
**तुला** बन्न लागेको काम बिग्रनसक्छ । प्रेममा बाधाका साथै मन कमजोर रहला ।
**वृश्चिक** सामाजिक संस्थाबाट सहयोग र पदोन्नतिको सम्भावना प्रबल रहेको छ ।
**धनु** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ ।व्यापार, व्यवसायमा चैं लाभ नमिल्ला ।
**मकर** नयाँ कार्यको प्रारम्भ हुने र पुनर्मिलनको योग पनि रहेको छ ।
**कुम्भ** लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । सामान हराउने भय पनि छ ।
**मिन** आज स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ ।